

# यू.एम.एन. वार्षिक प्रतिवेदन, कपिलवस्तु २०७९/२०८०

**रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन**



**रुप कुमार बिक**
क्लष्टर टीम लिडर
कपिलवस्तु क्लष्टर


यस प्रतिवेदन मार्फत यू.एम.एन. कपिलवस्तु क्लष्टरले आर्थिक बर्ष २०७/८० मा कपिलवस्तु जिल्लाको यशोधरा र मायादेवी गाउँपालिकाहरूका बिशेषगरि आर्थिक रुपमा बिपन्न र सामाजिक रुपमा पिछडिएका र संकटासन्न व्यक्तिहरूको जीवनमा उल्लेख्य रुपमा सकारात्मक परिवर्तन ल्याउन गरेको प्रयास र उपलब्धि प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।

यो वर्ष यस क्लष्टर कार्यालयले महिला सशक्तिकरण, गुणस्तरीय शिक्षा, किसानहरूको आयमा वृद्धि, वातावरणीय सुधार, अपाङ्गता भएका व्यक्तिहरूको उत्थान र यूवाहरू मार्फत हानिकारक सामाजिक व्यवहार घटाउँदै सामाजिक मेलमिलाप परिणाममुखी काम गरेको छ। आत्मनिर्भर समूहहरू मार्फत महिलाहरूको क्षमतामा वृद्धि भई उहाँहरूलाई वडा तथा पालिका स्तरीय विभिन्न समितिहरूमा समेत जोडिन र स्थानीय चुनावमा समेत आफ्नो उम्मेदवारी दिई चुनाव जित्न सक्ने बनाएको छ । साथै मायादेवी गाउँपालिकाका ३३ शैक्षिक संस्थाहरूमा विद्यालय सुधार योजना बनाई तथा बालमैत्री कक्षा संचालन गरि शिक्षाको गुणस्तर बढाउन समेत यू.एम.एन.को सहयोग रहेको छ। त्यस बाहेक निजि क्षेत्रको डेरी सँग सहकार्य गर्दै किसानको क्षमता अभिवृद्धि गरि दुध बिक्रि मार्फत गाउँमा ठूलो रकम भित्र्याउन पनि मद्दत मिलेको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्ण पुनर्स्थापना मार्फत उहाँहरूको दैनिक क्रियाकलापमा सहयोग गर्नुको साथै आय आर्जनमा समेत सहयोगको कारण उनीहरू आर्थिक रुपमा समेत आत्मनिर्भर रहेका छन्। साथै यूवाहरू परिचालन मार्फत समाजमा महिला हिंसामा कमि आउनुको साथै सामाजिक मेलमिलापमा समेत वृद्धि भएको छ।

सबैलाई प्रशस्तताको जीवन प्राप्त गराउन यू.एम.एन.ले गरेको प्रयासलाई विभिन्न परियोजनाहरू मार्फत साकार पार्न हाम्रा साझेदार संस्थाहरू-दलित सामाजिक विकास केन्द्र र सन साईन सामाजिक विकास संस्थाका बोर्ड सदस्य तथा सम्पूर्ण कर्मचारी हरूलाई उहाँहरूको अहोरात्र मेहनतको लागि पनि कपिलवस्तु क्लष्टर उच्च सम्मान गर्दछ। समाजमा सकारात्मक रुपान्तरणको लागि हामीलाई समर्थन र मार्ग निर्देशन गर्ने स्थानीय निकायहरू तथा हमेसा आर्थिक र प्राबिधिक सहयोग गर्ने दातृनिकायहरूमा समेत कपिलवस्तु क्लष्टर हार्दिक आभार व्यक्त गर्दछ।

समाजको सकारात्मक रुपान्तरणको हाम्रो यो अनवरत प्रयासमा आगामी दिनहरूमा समेत यहाँहरूको यस्तै सहयोग, साथ र समर्थनको अपेक्षा गर्दछौं ।

धन्यवाद ।



वर्ष २०२२/२३ यू.एम.एन. कपिलवस्तु क्लस्टरले स्थानीय साझेदार संस्थाहरू **दलित सामाजिक विकास केन्द्र** र **सनसाईन सामाजिक विकास** संस्था मार्फत कपिलवस्तु जिल्लाको **यशाधोरा** र **मायादेवी गाउँपालिकामा** CYCC, SECURE, मानसिक स्वास्थ्य, IDV, RAD, LCP र MRP लगायत विभिन्न परियोजनाहरू मार्फत महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यकहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास गर्‍यो ।

**जीवन सुधार (SECURE) परियोजना**ले दलित तथा महिलाहरूको समावेशीकरणमा भूमिका खेल्नुको साथै वातावरण संरक्षणमा पनि जोड दियो । परियोजना अन्तर्गतका ३२ वटा आत्मनिर्भर समूहहरूले स्थानीय सरकारवाट कृषि सामग्री सहयोग प्राप्त गर्नुका साथै ३९६ जना किसानहरूले परियोजनाको सहजीकरणमा स्थापित दूध सङ्कलन केन्द्रहरूमा गाईवस्तुको दूध बिक्री गरेर एक वर्षमा रु. २,०१,९३,२७४ कमाउन पनि सफल भए ।

मानसिक स्वास्थ्य सेवाहरू र चेतनाको कमीको कारणले अप्ठ्यारोमा परेकाहरूलाई **मानसिक स्वास्थ्य परियोजना**ले ११ स्वास्थ्य संस्थाहरूमा आधारभूत मानसिक स्वास्थ्य सेवाहरू संचालनमा सहजीकरण गर्‍यो जसले गर्दा २५६ जना बिरामीहरू प्रत्यक्षरुपमा लाभान्वित भए ।

**परिवर्तनका लागि वालवालिका र युवा (CYCC) परियोजना**ले युवा क्लब र सञ्जालहरू मार्फत ३३२ जना युवाहरूलाई आफ्नो हक र अधिकारको लागि बोल्न र विद्यालय छोड्ने, बालविवाह र बालश्रम जस्ता महत्वपूर्ण सामाजिक मुद्दाहरू समेत वकालत गर्न सक्षम बनायो । परियोजनाले ७२ आत्मनिर्भर समूहहरू मार्फत १,४७७ महिलाहरूलाई सक्षम बनाउनुको साथै २३ सामुदायिक विद्यालयहरूमा बालमैत्री विद्यालय व्यवस्थापन अभ्यासहरू स्थापना गर्न भूमिका खेल्यो ।

यसबाहेक, **शान्तिका लागि स्थानीय क्षमता (LCP) परियोजना**ले लैङ्गिक समानतालाई जोड दिँदै समुदाय र धार्मिक सद्भाव कायम राख्नको लागि सहयोग गर्‍यो । परियोजनाकै सहजीकरणमा युवा, महिला, समुदाय र धार्मिक नेताहरूको संयुक्त प्रयासले सामुदायिक मेलमिलाप, अन्तरधर्म सद्भाव र बालविवाहमा कमी आएको छ ।

यू.एम.एन. कपिलवस्तुले यो वर्ष **अपाङ्गता पुनर्स्थापना**को क्षेत्रमा समेत उल्लेख्य काम गरेको छ । एमआरपी परियोजना मार्फत १३ जना अपाङ्गता भएका बालबालिकाको जीवनमा सुधार गरेकाले उनीहरूको शारीरिक अवस्थामा सुधार आएको छ । जसमध्ये ८ जना विद्यालय जान्छन् । त्यसैगरी, RAD परियोजनाले ६ वटा ह्वीलचेयर प्रयोगकर्ताहरूलाई समग्र पुनर्स्थापना गराई आयआर्जनमा समेत सहयोग गरी आर्थिक रुपमा समेत सवल हुन सहयोग गरेको छ ।

त्यसै गरी, **IDV परियोजना**ले घरेलु हिंसालाई कम गर्न मद्दत गर्दै लैङ्गिक सम्बन्ध सुधार गर्न सहयोग गर्‍यो । परियोजनाले लैङ्गिक च्याम्पियनको रूपमा १० युवा स्वयंसेवकहरूमार्फत ७० घरमा पारिवारिक मेलमिलाप गराउन भूमिका खेल्यो । विस जना छोरीहरूलाई विद्यालयमा जान मद्दत गर्नुका साथै यस परियोजनाले हिंसामा परेका १० महिलालाई दिगो आयआर्जनको लागि समेत सहयोग गरेको छ ।


अन्तमा, यू.एम.एन. कपिलवस्तु क्लष्टर कार्यालय अन्तर्गतका परियोजनाहरूद्वारा यस वर्ष सामुदायिक विकास, मानसिक स्वास्थ्य सचेतना, युवा सशक्तिकरण, लैङ्गिक समानता, अपाङ्गता समर्थन र घरेलु हिंसा रोकथाममा निर्णायक भूमिका खेलेको छ । हाम्रा अनवरत प्रयासहरू, साझेदार संस्थाहरूको मेहनत, स्थानीय सरकारको समन्वय तथा दातृनिकायहरूको निरन्तर सहयोगको कारण यस क्षेत्रका समुदायहरूको जीवन अझ उज्यालो, झन् समावेशी र थप आत्म निर्भरता सहितको सुन्दर भविष्यतर्फ अघि बढीरहेको हुनेछ भन्नेमा हामी आशावादी छौं ।




मनोचिकित्सकबाट घरभेट गर्दै

## प्रमुख उपलब्धीहरू

- **५** विद्यालयमा अटोमेटिक सेनिटरी प्याड मेशिन जडान
- **१२** बिद्युतीय स्यालो ट्युवेल जडान
- **१०४** कक्षाकोठा बालमैत्री बनाउन सामाग्री सहयोग
- **९५२** मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण
- **११६** विभिन्न समूह संचालन
- **६६७** घरधुरीहरूलाई आयआर्जनमा सहयोग
- **१०५** घरमा घरेलु हिंसामा कमी
- **२१** अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना
- **५४** निजी र सार्वजनिक पोखरी संरक्षण
- **११** स्वास्थ्य संस्थाहरूबाट मानसिक स्वास्थ्य सेवा प्रवाह
- **१९** जना आत्मनिर्भर महिलाहरूले नागरिकता प्राप्त
- **२५६** जना व्यक्तिहरूलाई मानसिक स्वास्थ्य सेवा प्रदान





# ह्वीलचियरले दिएको स्वतन्त्रता

कपिलवस्तुकी ३४ वर्षीया जसिमुन निशाका चार दाजुभाई र चार दिदीबहिनीहरू छन् । उनी जेठी छोरी हुन् । उनले भनिन्, 'शारीरिक समस्याका कारण पढ्ने मौका पाइन तर मदरसाबाट सामान्य शिक्षा लिएको छु ।' उनको परिवारको मुख्य आम्दानीको स्रोत खेतीपाती हो ।

उनी सकुशल जन्मिएकी थिइन् । हुर्कंदै जाँदा उनको खुट्टामा समस्या देखियो । उनको परिवारले विभिन्न अस्पतालमा उपचार गराउन पुग्यो । तर उनी हिँड्न सकिनन् । 'मेरो खुट्टाको अवस्था देखेर मेरा आमाबुवा निकै चिन्तित हुनुहुन्थ्यो । म महिला भएकोले मेरो अशक्तताले मेरा वृद्ध आमाबुबालाई दुःखी बनाएको मैले निरन्तर महसुस गरें । हाम्रो समुदायमा अपाङ्गता भएकी महिला भएर बाँच्न गाह्रो छ,' जसिमुनले बताइन् ।

जसिमुनले आफ्नो पूरा दिन घरमै बसेर बिताएकि थिइन् । "मेरो जीवनको ३४ वर्ष घरभित्र र बाहिर हातखुट्टा तानेर घिसार्दै बिते । मैले सोच्दछुं कि कुनै सामग्री यन्त्र प्रयोग गरेर मेरो दैनिक जीवनलाई सजिलो हुनेथियो । तर मेरो परिवारको गरिबीले त्यो आवश्यकता पूरा गर्न सकिन जसिमुनले भनीन ।

पुरै दिन र महिना एक्लै घरमा बसिरहँदा उनको दिमागमा धेरै खराब विचारहरू आए जसले उनलाई कमजोर र दुःखी बनायो । "शौचालयमा जाँदा पनि हात टेकेरै जानु पर्थ्यो । भुइँमा घिस्रदा र धुलोले मेरो लुगा, हात खुट्टा फोहोर हुन्थ्यो । हामीलाइ पहुँचयोग्य शौचालय र अन्य भौतिक संरचनाबारे थाहा थिएन । यद्यपी हामीहरुले कहिलेकाहीं ह्वीलचेयर किन्ने विचार गर्थ्यौ, तर त्यो किन्न नसक्दा यो इच्छा अपूर्ण रह्यो । म निराश थिएँ र मेरो परिवारको लागि बोझ छु, जस्तो लाग्थ्यो ।" जसिमुनले बताइन् ।

UMN र यसको स्थानीय साझेदार दलित सामाजिक विकास केन्द्र (DSDC) ले उनको अवस्थाबारे थाहा पाए तथा उनी र उनको परिवारलाई भेटेर अपाङ्गताको बारेमा जानकारी दिए। जसिमुनलाई उनको जीवन खुसीसाथ बिताउनका लागि केही गर्न प्रोत्साहित गरे । घर पुनः निर्माण गरेर अपाङ्गता पहुँचयोग्य बनाउन पनि प्रोत्साहन गरे । धेरै पटक भेटघाट र परामर्श पछि, जसिमुन र उनको परिवार सहमत भए र आफ्नो घर पहुँचयोग्य बनाउन विश्वस्त भए । शौचालय, बाथरुम, भान्छा र आँगन पनि पुनर्निर्माण गर्न DSDC ले प्राविधिक र आर्थिक रूपमा सहयोग गऱ्यो । यो काममा उनको परिवारले पनि केही रकम सहयोग गरेको थियो । घर पुनर्निर्माण भएपछि उनलाई DSDC ले नयाँ ह्वीलचेयर प्रदान गर्यो ।

'जब म पहिलो पटक ह्वीलचेयरमा बसें र धुलो भुइँमा हात खुट्टा नटेकी घरभित्र र बाहिर निस्किएँ, मलाई खुसी लाग्यो । सरल जीवन र खुसीले बाँच्ने नयाँ आशाको जन्म भयो । अहिले यही ह्वीलचेयरको सहारा लिएर घरभित्र बाहिर स्वतन्त्र रूपमा हिँडिरहेका छु,' जसिमुनले भनिन ।

हिँडडुलमा सहजता भएपछि उनले सानो व्यवसाय स्थापना गरिन् । DSDC ले उनलाई यो सानो व्यवसाय स्थापना गर्न रु ५०,००० उपलब्ध गराएको थियो र उनको परिवारले उनको व्यवसायको लागि रु १०,००० सहयोग गऱ्यो ।

अहिले आफ्नो घरको आँगनमा किराना र कस्मेटिक सामानको सानो पसल गरेकी छन । "मैले कमाउन थालेको छु, र भविष्यमा अझ धेरै कमाउने आशा गर्छु जसले मलाई आर्थिक रूपमा बलियो र आत्मनिर्भर बनाउनेछ । मप्रति परिवार र समुदायका सदस्यहरूको मानसिकतामा पनि परिवर्तन भएको छ,' जसिमुनले भनिन् । उनी सामुदायिक आत्मनिर्भर समूहमा पनि संलग्न छिन् । त्यहाँ नियमित रूपमा सहभागी हुन्‌ र आफ्नो धारणा राख्ने गर्छिन । "म मेरो जीवनसँग खुसी छु । म सम्मान महसुस गर्दैछु । मेरो दिन पसलमा दिक्क नमानी बित्छ । यू.एम.एन. र DSDC को सहयोगले मेरो जीवनलाई अर्थपूर्ण र सार्थक बन्न सहयोग पुगेको छ,' जसिमुनले भनिन्।

## गतिविधि



कोड विधिमार्फत समूहको सहजीकरण गरिदैं



विश्व वातावरण दिवसको उपलक्ष्यमा वृक्षारोपण गरिदैं



बालबालिकाको लागि गलत संगत न्यूनीकरण सम्बन्धि ऱ्याली



अन्तर्राष्ट्रिय महिला दिवसमा हाजिरी जवाफ प्रतियोगिता



घरेलु हिंसा न्यनीकरणका लागि जेण्डर च्याम्पियबाट अन्तरक्रिया कार्यक्रम



जलवायु परिवर्तन न्यूनीकरणको लागि गोबर ग्याँस प्लान्ट निर्माण

### साझेदार संस्थाहरू

सनसाईन सामाजिक विकास संस्था

दलित सामाजिक विकास केन्द्र

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमबाट दिन सक्नु हुन्छ ।**
**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं, १६६००१२८११८ (निःशुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८६४४५११४१**
**feedback@umn.org.np**
**feedback.kv@umn.org.np**
**www.umn.org.np/feedback**

यू.एम.एन. कपिलवस्तु क्लष्टर | कपिलवस्तु नगरपालिका, वडा नं. ३ | भिक्षु चोक, तौलिहवा, कपिलवस्तु
फोन नं. ७६ ५६०३४० | kapilvastu@umn.org.np | www.umn.org.np